नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(.........समन्वय तथा प्रकाशन.........शाखा)

फोन नं.: ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स नं.: ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७

सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०८२/०८३

मिति: २०८२/०९/१६

चलानी नं.:- ३१६

## पाठ्यपुस्तक छपाइ तथा बिक्री वितरणका लागि मुद्रक तथा वितरक फर्म/संस्थाहरूको अनुमति नवीकरण गरिएको सूचना

(प्रकाशन मिति : २०८२।०९।१७)

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम शैक्षिक सत्र, २०८३ का लागि देशभरका विद्यालयमा कक्षा १, २ र ४ का चार रङका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई आफ्नो प्रोफाइलसहित नवीकरण तथा सूचीकरणका लागि प्रस्ताव पेस गर्न यस केन्द्रबाट मिति २०८२।०८।०४ गते सूचना प्रकाशित गरिएअनुसार तोकिएको म्यादभित्र रितपूर्वक नवीकरण/सूचीकरणका लागि प्रस्ताव पेस गरेका, तोकिएको मापदण्ड पूरा गरेका देहायबमोजिमका फर्म/संस्थाहरूलाई निर्देशिकाको व्यवस्थाबमोजिम केन्द्रको मिति २०८२।०९।१७ गतेको निर्णयानुसार अनुमति नवीकरण गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

अनुमति नवीकरण गरिएका फर्म/ संस्थाहरू

| सि नं. | फर्म/कम्पनीको नाम | ठेगाना |
|---|---|---|
| १. | सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. | ढुङ्गे अड्डा, काठमाडौं |
| २. | जगदम्बा पब्लिकेसन प्रा.लि | धनगढी, कैलाली |
| ३. | सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | विराटनगर, मोरङ |
| ४. | हसनाहिनी प्रिन्टर्स एन्ड पब्लिकेसन प्रा.लि. | विराटनगर, मोरङ |
| ५. | लोकेन्द्र प्रिन्टिङ एन्ड पब्लिकेशन प्रा.लि. | धनगढी, कैलाली |
| ६. | एक्सप्रेस कलर प्रेस कम्पनी प्रा.लि. | शंखमुल, काठमाडौं |
| ७. | चिरायु प्रेस एण्ड पब्लिसिङ प्रा.लि. | चाँगुनारायण, भक्तपुर |

नवीकृत फर्म/संस्थाहरूले कक्षा १, २ र ४ सम्मका पाठ्यपुस्तकका मुद्रणीय प्रति (Print Ready Copy/PRC) को छपाइ अनुमति नवीकरणपत्र प्राप्त गर्न यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिलबमोजिमको धरौटी र राजस्व रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचरसहित निवेदन यस केन्द्रमा पेस गर्नुपर्ने छ।

(क) धरौटी सम्बन्धमा

नवीकृत फर्म/संस्थाले विगत वर्षमा जम्मा गरेको अद्यावधिक धरौटी भौचरको प्रमाणित प्रतिलिपि यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेस गर्नुपर्ने छ। नवीकरण भएका फर्म/संस्थाले धरौटीवापत रकम नगद रु. ५,००,०००/-(रु पाँच लाख मात्र) नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुरमा रहेको धरौटी खाता नं. ०१९०१०००००२००३००००००१, कार्यालय कोड ३५००२३३०१ मा नगद जम्मा गरेको सक्कल भौचर यस केन्द्रमा पेस गर्नुपर्ने छ।

(ख) राजस्व सम्बन्धमा

नवीकृत फर्म/संस्थाहरुले परिवर्तन नभएको मुद्रणीय प्रतिका हकमा प्रतिपुस्तक रू. ५०००।- (पाँच हजार) र परिवर्तित मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रू. १००००।- (दश हजार) का दरले प्रत्येक विषयको मुद्रणीय प्रति प्राप्त गर्नका लागि नेपाल बैङ्क लिमिटेड, कमल विनायक, भक्तपुरमा रहेको राजस्व शीर्षक १४२२३, राजस्व खाता नं. (शिक्षा क्षेत्रको) 0010100000001001001, कार्यालय कोड: ३५००२३३०१ मा नगद जम्मा गरेको सक्कल भौचर केन्द्रमा पेस गर्नुपर्ने छ।

द्रष्टव्य : उल्लिखितबमोजिम छपाइ तथा वितरण अनुमति नवीकरण भएका फर्म/संस्थाहरूको यस केन्द्रबाट अनुगमन तथा निरीक्षण प्रस्तावमा पेस भएअनुसारको विवरण भएको नपाइएमा वा सोबमोजिम कार्य गर्न प्राविधिक रूपमा सक्षम भएको नपाइएमा त्यस्ता फर्म/संस्थाको नवीकरण जुनसुकै वखत रद्द गर्न सकिने छ।

थप जानकारीका लागि सम्पर्क : फोन नं.६६३४९१६, ६६३०५८८, नोटिस बोर्ड १६१८०१६६३०७९७, website: www.moecdc.gov.np